
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ २९ गते शुक्रबार ❑ 15 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## कागबेनीको पुन:निर्माण सम्बन्धमा मुख्यमन्त्री र युएनडिपी प्रतिनिधिबीच छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र संयुक्त राष्ट्र विकास कार्यक्रम (युएनडीपी) का नेपालस्थित आवासीय प्रतिनिधि आईसानी मेदागङ्गोडा लाबेबीच बाढी प्रभावित मुस्ताङको कागवेनीको पुनःनिर्माण र पुनःस्थापनाका सम्बन्धमा बुधबबार छलफल भएको छ।

भेटमा मुख्यमन्त्री पाण्डेले गत साउन २८ गतेको बाढीका कारण कागबेनीमा भएको क्षतिका कारण स्थानीयले अहिले पनि सास्ती भोग्नुपरेको, व्यक्तिगत, सामुदायिक सरकारी संरचना ध्वस्त भएको बताउँदै सहयोगका लागि युएनडीपीको ध्यानाकर्षण गराउनुभयो । प्रदेश सरकारको सीमित स्रोत र साधनकाबीच पुनःनिर्माणका सबै काम तत्काल पूरा गर्न सहज नभएको



भन्दै उहाँले दातृ निकायले सरकारको योजनाअनुसार सहयोग गर्नुपर्नेमा जोड दिनुभयो। गण्डकी प्रदेश सरकारको नीति कार्यक्रम अनुसारका योजनालाई प्राथमिकता दिन अनुरोध गर्दै मुख्यमन्त्री पाण्डेले प्रदेशभित्रको बसाइँसराइ रोक्न उत्पादनमुखी कार्यक्रममा सहयोग गर्न आग्रह गर्नुभयो । साना तथा मझौला उद्योगको स्थापना गरी रोजगारीको अवसर सिर्जना गर्दै युवालाई स्वरोजगार बनाउने कार्यक्रममा जोड दिन उहाँले युएनडिपीलाई आग्रह गर्नुभयो ।

युएनडिपीका नेपाल प्रमुख लाबेले गण्डकी प्रदेशभित्र सञ्चालित परियोजनाको बारेमा जानकारी गराउँदै युवालाई रोजगारीसँग जोड्ने कार्यक्रम सञ्चालन गरिने बताउनुभयो । प्रदेश सरकारको प्राथमिकतालाई ध्यान दिएर सहयोग गरिने बताउँदै उहाँले कागबेनीको पुनःनिर्माण र पुनःस्थापनामा प्रदेश सरकारसँग सहकार्य गर्न तयार रहेको बताउनुभयो । फोहरमैला व्यवस्थापन, जलवायु परिर्वतनसम्बन्धी कार्यक्रम अगाडि बढाउन चाहेको बताउँदै उहाँले कालीगण्डकीकरिडोरमाजीवनयापनतथा आय आर्जनसम्बन्धी कार्यक्रम सुरुवात गर्ने, हिमतालसम्बन्धी अध्ययन अनुसन्धानका काम बढिरहेको बताउनुभयो ।

प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष कृष्णचन्द्र देवकोटाले विपद् जोखिम व्यवस्थापन तथा भू उपयोग नीति निर्माणमा प्रदेश सरकारलाई सहयोगको खाँचो रहेको बताउनुभयो । प्रदेशभित्र अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी आयोजनाको प्रभावकारी अध्ययन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, स्थानीय सुशासन र योजना तर्जुमामा प्रदेश सरकासँग सहकार्य गरी अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

## पर्यटन प्रवर्द्धनका लागि जलवायु परिवर्तनका असरबारे सचेतना आवश्यक

**रासस**
मनाङ, २८ भदौं

पर्यटन प्रवर्द्धनका लागि जलवायु परिवर्तनका असरबारे सचेतना तथा एकीकृत प्रयास आवश्यक रहेको यहाँका विज्ञ तथा खेलाडीले जोड दिएका छन् ।

खेलको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मनाङको उच्च स्थान (हाइअल्टिच्युड) मा आयोजना गरिएको मैत्रीपूर्ण फुटबल प्रतियोगितामा सम्बन्धित क्षेत्रका विज्ञ तथा खेलाडीले पर्यटन प्रवर्द्धनका लागि जलवायु परिवर्तनका असरबारे सचेतना जगाउँदै एकीकृत प्रयास गर्नुपर्नेमा जोड दिएका हुन् । जैविक विविधता संरक्षण समाज (बायोकोस) नेपाल, आन्ट फाउण्डेशन र वाइल्ड एण्ड फ्री फाउण्डेशनको संयुक्त आयोजना, जिल्लाका विभिन्न स्थानीय तहको समन्वय तथा नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा यहाँ मैत्रीपूर्ण खेल सञ्चालन गरिएको हो ।

खेलमा नेपालका ख्याति प्राप्त कलाकार, खेलाडी, मिस नेपाल वर्ल्ड २०२३, मिस्टर नेपाल २०२३ लगायतको सहभागिता थियो । यही भदौ २५ देखि २७ गतेसम्म भएको मैत्रीपूर्ण फुटबल प्रतियोगितामा हिमालयन स्नो लेयोपर्ड समूहका साथै मनाङका स्थानीय समूह कजिनसरा याक, पिसाङ याक र मनाङ याकको सहभागिता रहेको आयोजकले जनाएको छ । तिमाङ, पिसाङ र मनाङ मुङ्जीमा खेल भएको थियो । समुद्री सतहबाट दुई हजार आठ सयदेखि तीन हजार पाँच सय मिटरसम्मको उचाइमा रहेको खेलमैदानमा खेल भएको थियो । तिमाङमा आयोजित खेलमा हिमालयन स्नो लेयोपर्ड समूह र कजिनसरा याक बीच भएको थियो । उक्त खेलमा हिमालयन स्नो लियापर्ड ४-३ गोलसहित विजयी भएको थियो । त्यस्तै पिसाङमा आयोजित दोस्रो खेल पिसाङ याक र हिमालयन स्नो लियोपर्ड बीच भएको थियो । हिमालयन स्नो लियोपर्ड ३-१ गोलसहित विजयी भएको थियो ।

मुङ्जी भ्राकामा हिमालयन स्नो लियोपर्ड र मनाङ याकबीचको तेस्रो तथा अन्तिम खेलमा २-१ गोल सहित हिमालयन स्नो लियोपर्ड विजयी भएको थियो । मैत्रीपूर्ण भएका तीन वटै खेलमा लियोपर्डले जित निकालेको छ । लियोपर्ड समूहमा नेपाली फुटबल टिमका पूर्व कप्तान हरि खड्का, अनिल गरुङ, पूर्व किपर उपेन्द्रमान सिंह र नविन न्यौपाने, राष्ट्रिय महिला फुटबल टीमका पूर्व कप्तान निरु थापा, अस्मिता रणपाल, तेक्याण्दो खेलाडी सिता तामाङ, मिस नेपाल वर्ल्ड श्रीच्छा प्रधान, कलाकार तथा आन्ट फाउण्डेशनका संस्थापक अध्यक्ष प्रशान्त ताम्राकार, अमेरिकाको वाइल्ड एण्ड फ्रि फाण्डेशसनका संस्थापक म्याट ब्राकेन, नामिवियाको फुल सर्कल स्डडीज एण्ड सफारीका संस्थापक डा जेफ मोन्टिप्रिङ, कलाकारहरु त्रिचु राई, नरेन खड्का, गायक तथा संगीतकार जेम्स प्रधान, मिस्टर नेपाल समर्पण कार्की, मिस्टर नेपाल रनर अपनिमेश कपाली तथा प्रिस्का उदास थिए । स्थानीय समूहतर्फ काजिनसरा, पिसाङ र मनाङ याकका खेलाडीले खेल खेलका थिए । डिस्याङ गाउँपालिकाका अध्यक्ष कान्छा घलेले मनाङमा आयोजित प्रतियोगिता यस क्षेत्रका साथै नेपालकै पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग पुग्ने बताउनुभयो । पर्यटनसँगै विश्वमा भएको जलवायु परिवर्तनको असर नेपालमा पर्न थालिसकेकाले यसका विषयमा स्थानीयवासीलाई सुसूचित गर्न प्रतियोगिताले सहयोग पुगेको उहाँले बताउनुभयो । मनाङका प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुङ्गेलले मनाङ पर्यटनको लागि अथाह सम्भावना भएको स्थान भएको बताउँदै यस प्रकारका खेलले मानव र वन्यजन्तु बीचको द्वन्द्व न्यूनीकरण गर्ने बताउनुभयो । उहाँले जलवायु परितर्वनले हिमाली क्षेत्रमा पारिरहेको प्रभावलाई सुसूचित गर्दै पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने बताउनुभयो । हिमाली क्षेत्रमा पाइने हिउँ चितुवा र याकको संरक्षण, पर्यापर्यटनको प्रचार तथा प्रवर्द्धन, जलवायु परिवर्तन सम्बन्धित जनचेतना अभिवृद्धिलगायतका उद्देश्यसहित मैत्रीपूर्ण खेल सञ्चालन गरिएको आयोजक बायोकोसका निर्देशक पारसविक्रम सिंहले जानकारी दिनुभयो । आन्ट फाउण्डेशनका संस्थापक अध्यक्ष ताम्राकारले लोपोन्मुख हिउँ चितुवा, जङ्गली याकलगायत वन्यजन्तुको संरक्षणका लागि जनचेतना अभिवृद्धि गर्दै खेल पर्यटन/पर्यापर्यटनको प्रवर्द्धनका लागि कार्यक्रम सहयोगी हुने अपेक्षा गरिएको बताउनुभयो । अमेरिकाको वाइल्ड एण्ड फ्रिफाण्डेशसनका संस्थापक ब्राकेनले जलवायु परिवर्तनबारे जनचेतना अभिवृद्धि तथा पर्यापर्यटनको लागि भएको खेलमा सहभागी हुन पाएकामा खुसी व्यक्त गर्नुभयो । नेपालमा खेल तथा पर्यापर्यटनको अथाह सम्भावना रहेको उहाँको भनाइ थियो । खेलको माध्यमबाट जनचेतना प्रदान गर्नका लागि मैत्रीपूर्ण फुटबल प्रतियोगिता


बाँकी अन्तिम पृष्ठमा ▶▶


## जरोटुप्पोमा कुशे औंशी तथा मोती विमर्श

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं

जरोटुप्पो संरक्षण साहित्य समाज नेपालले १५८ औं मोती जयन्तीको अवसर पारेर कुशै औंशी तथा मोती विमर्श कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा स्वतन्त्र पत्रकार संघ नेपालका संस्थापक राष्ट्रिय अध्यक्ष कृष्णप्रसाद बास्तोलाले स्थापनाकालदेखिनेपालीसाहित्यका विशिष्ट प्रतिभाको जन्मजयन्तीलाई जरो मानेर विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको प्रतिष्ठानले भाषा साहित्य र संस्कृतिको संरक्षणमा उल्लेख्य योगदान दिएको बताए । उनले मोतीराम र कुशे औंशीको स्मरण गर्दा एकातर्फ आफ्ना पिताप्रपिताको, अर्कातर्फ नेपाली गजलका पिताको स्मरण हुने भएकाले नेपाली भाषा साहित्यको श्रीवृद्धिमा लाग्नेहरू बीच यो दिनको विशेष महिमा र महत्व रहेको




धारणा राखे । मोतीरामका बारेमा प्रकाश पार्दै साहित्यकार स्ट्रगल रानाले मोतीरामले भानुभक्तलाई खोज्दै नहिँडेको भए हाम्रो नेपाली भाषा यति समृद्ध नहुने जिकिर गरे। रानाले मोतीरामले छोटो समयमा दिएको योगदानबाट वर्तमान पुस्ताले पाठ सिक्न आवश्यक रहेकोमा जोड दिए । गण्डकी प्रज्ञा-प्रतिष्ठानका परिषद् सदस्य कृष्णप्रसाद पौडेलले जरोटुप्पोले स्थापनाकालदेखि पृथक प्रकृतिमा कार्यक्रम सञ्चालन गर्दै आएकाले यसप्रति शुभेच्छुक, शुभचिन्तकको ठूलो आशा र भरोसा रहेको धारणा राखे । प्रा.डा. यामबहादुर पौडेल क्षत्रीले नेपाली भाषा र गजलको श्रीवृद्धिमा मोतीरामको योगदान तुलनै हुन नसक्ने बताए। उनले कुशे औशीका सन्दर्भमा स्वतस्फुर्त यस्ता गतिविधि सञ्चालन हुनु सम्पूर्ण भाषा, कला र साहित्यसेवीका लागि गौरवको विषय भएको बताए । मानवअधिकार पत्रकार संघ हुर्जा गण्डकीका अध्यक्ष असफल गौतमले कुशे औंशी र मोती जयन्ती आफैमा पृथक संस्कारसँग जोडिएको सन्दर्भ रहेकाले मोतीराम भट्टलाई नेपाली गजलका बाबुका रूपमा जरोटुप्पोले स्मरण गर्दै आएकोमा खुसी लागेको धारणा राखे ।

साहित्यकार विष्णु बास्तोलाले हामीले मोतीराम भट्टको जीवनीबाट धेरै कुरा सिक्न र व्यवहारमा लागू गर्न आवश्यक रहेको बताए। उनले आफ्नो व्यापार व्यवसायबाट बचेको समय साहित्य सिर्जनामा लाग्दा आफूलाई सन्तोष मिलेको विचार व्यक्त गरे । समालोचक मदन भण्डारीलाई थोरै प्रतिबद्ध व्यक्तिले आफ्नो जिम्मेवारी बोध गर्ने हो भने हामीमा देखिएका ८० प्रतिशत समस्याको निराकरण हुने धारणा राख्दै साहित्यको श्रीवृद्धिमा स्वार्थको गन्ध आउन नहुनेमा जोड दिए । कार्यक्रममा अनु बराल, अश्विन बराललगायतले कवितामा बुबा र मोतीरामलाई स्मरण गरेका थिए ।

## पोखरा महानगर र कोइकाबीच रोजगारी सिर्जना परियोजनामा हस्ताक्षर

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं

पोखरा महानगरपालिका र कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) बीच पोखरामा 'रिसाइक्लिङ' र 'अपसाइक्लिङ'मार्फत हरित रोजगारी सिर्जना परियोजनासम्बन्धी प्रतिबद्धतापत्रमा हस्ताक्षर भएको छ।

पोखरा महानगरपालिका र कोइकाबीचको समझदारीलाई बलियो बनाउँदै रोजगारी सिर्जनामा सघाउने उद्देश्यले पारस्परिक प्रतिबद्धतापत्रमा आज महानगरको तर्फबाट प्रमुख धनराज आचार्य र कोइकाको तर्फबाट उपप्रमुख युनयङ्ग लीले हस्ताक्षर गर्नुभएको छ । यसअघि समेत कोइका र महानगरपालिकाबीच परियोजनासम्बन्धी प्रारम्भिक मस्यौदामा हस्ताक्षर भइसकेकामा हाल सो परियोजना नेपाल सरकार र गणतन्त्र कोरिया सरकारबीच स्वीकृतिको अन्तिम प्रक्रियामा रहेको महानगरले जनाएको छ।

प्रतिबद्धताअनुसार कोइकाले हरित अर्थतन्त्रमा योगदान पुर्‍याउने दिगो रिसाइकल र अपसाइकल (आरयु) उद्यमहरूलाई बढवा दिन उपयुक्त माध्यम सिर्जना गर्नेछ। यसबाट महानगरपालिकाका कर्मचारी, सरकारी सरोकारवाला र आरयु उद्यमहरूको क्षमता निर्माण गरी हरित रोजगारी सिर्जना गर्न सहयोग गर्नेछ । यस्तै ग्रिन भेन्चर जोन (जिभीजेड) स्थापना गर्ने र नयाँ तथा आरयु उद्यमहरूलाई व्यवसाय इन्क्युवेशन सहायता (वित्तीय, प्राविधिक र बजार) प्रदान गर्नेछ। फोहरमैला सचेतनासम्बन्धी नागरिक व्यवहारमा परिवर्तन ल्याउन यस परियोजना महत्त्वपूर्ण हुने बताइन्छ। ग्रिन भेन्चर जोन (जिभीजेड) स्थापना गर्न महानगरपालिकाले पोखराको वडा नं ६ वसुन्धरा पार्कमा पाँच हजार ९० वर्गमिटर क्षेत्रफल उपलब्ध गराउनेछ । हरित अर्थतन्त्रमा योगदान पुर्‍याउने दिगो आरयु उद्यमहरूलाई बढावा दिन उपयुक्त वातावरण सिर्जना गर्न महानगरपालिकाले पर्याप्त र आवश्यक मानव संसाधनहरू विनियोजन गर्नेछ । हरित अर्थतन्त्रमा योगदान पुर्‍याउने आरयु उद्यमहरूलाई बढावा दिन दिगो नीतिको सुनिश्चिततासहित महानगरपालिकाले परियोजनाको स्वामित्व लिनेछ । महानगर प्रमुख आचार्यले फोहरमैलाको व्यवस्थापन निकै चुनौतीपूर्ण रहेको उल्लेख गर्दै यसलाई मोहरमा बदल्ने प्रयासस्वरूप हरित रोजगारी सिर्जनामा जोड्न लागिएको बताउनुभयो । उहाँले भन्नुभयो, "परियोजनाले युवाहरूलाई रोजगारीसँग जोड्ने छ भने फोहोरबाट मोहर आर्जन हुनेछ ।" कोइकाका उपप्रमुख युनयङ्ग लीले यस परियोजनाले युवाहरूका लागि रोजगारी सिर्जनामा महत्त्वपूर्ण योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो । फोहरमैलाको उचित व्यवस्थापनमार्फत हरित रोजगारी सिर्जना र चक्रीय अर्थतन्त्रको सिर्जनशील उपयोग आम समुदायका लागि आवश्यक रहेको उहाँले बताउनुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा शुक्रबारदेखि राष्ट्रिय भलिवल कप हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं

पोखरामा शुक्रबार देखि राष्ट्रिय भलिवल कप सुरु हुने भएको छ। नव आदर्श सामुदायिक विकास समाजको आयोजनामा शुक्रबार देखि उक्त प्रतियोगिता अर्न्तगत पुरुष तर्फको भलिवल प्रतियोगिता सुरु हुने भएको समाजले जनाएको छ।

लामाचौरको इन्द्रराज्य लक्ष्मी माविको भलिवल कोर्टमा शुक्रबार लिग चरणका ५ खेल हुने भएको समाजका अध्यक्ष स्वागतमानसिंह भण्डारीले बताउनु भयो। शुक्रबार बिहान घरेलु टिम गण्डकी प्रदेश बिरुद्ध बागलुङको गलकोट स्पोर्ट्स क्लव बिच खेल हुने भएको उहाँले बताउनु भयो । उक्त खेल बिहान ७:०० बजे हुने खेल तालिका सार्वजनि गरिएको छ भने दुई घण्टाको अन्तरालमा लिग चरणका खेलहरु हुने भएको समाजले जनाएको छ।

त्यसै गरी शुक्रबार दोश्रो खेलमा नेपाल पुलिस क्लवसंग मणीमुकुन्द क्लब बुटवल बिच हुने भएको छ भने तेश्रो खेल सशस्त्र प्रहरी वलको एपिएफ क्लव बिरुद्ध बागलुङको गलकोट स्पोर्ट्स क्लव बिच खेल हुने भएको छ। त्यस्तै शुक्रबार गण्डकी प्रदेशले मणीमुकुन्द क्लब बुटवलसंग सामना गर्ने भएको छ भने शुक्रबारको अन्तिम खेल नेपाल पुलिस क्लवसंग अर्को विागिय टोली सशस्त्र प्रहरी वलको एपिएफ क्लवसंग प्रतिष्प्रर्धा हुने भएको छ । त्यसै गरी महिला तर्फको खेल भने शनिबार देखि हुने भएको समाजका पूर्व अध्यक्ष बुद्धि बहादुर क्षत्री खत्रीले बताउनु भयो । समाजको आयोजनामा भदौं ३० देखि असोज १ गतेसम्म आयोजना हुने उक्त प्रतियोगितामा महिला तर्फ २ विभागीय सहित ४ टिम र पुरुष तर्फ भने २ विभागीय सहित ५ टिमको सहभागिता हुने भएको उहाँले बताउनु भयो। उक्त प्रतियोगितामा महिलातर्फ नेपाल पुलिस क्लब, सशस्त्र प्रहरीको एपिएफ क्लब, काठमाण्डौंको न्यू डायमण्ड एकेडेमी र बुटवलको न्यू एभरेष्ट भलिबल क्लब सहभागि हुने भएको छ। पहिलो दिनमा दर्शक प्रबेश शुल्कः १००, दोश्रो र तेस्रो दीनमा २०० र फाईनलमा ३०० रूपैया लाग्ने भएको छ । महिला तथा पुरुष तर्फ नेपाल आर्मीको त्रिभुवन क्लब यसपाली सहभागी नहुने भएको अध्यक्ष भण्डारीले बताउनु भयो। महिला तर्फ आर्मीले अन्तिम समयमा उक्त प्रतियोगितामा सहभागी नहुने जनाएको समाजले जनाएको छ । राष्ट्रिय भलिबल प्रतियोगितामा महिला र पुरुष तर्फ उपाधि विजेतालाई जनही १ लाख ५० हजार १ सय ११ रुपैयाँ साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको छ। त्यसै गरी दोस्रो हुने टिमलाई जनही १ लाख १ सय ११ र तेस्रो हुनेलाई जनही ५० हजार १ सय ११ रुपैयाँका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको समाजले जनाएको छ।

समाजले लामाचौर तिज महोत्सवको अवसरमा उक्त भलिबल प्रतियोगिता सहित सितोरियो कराँते प्रतियोगिता, अन्तर विद्यालय लोक नृत्य प्रतियोगिता, अन्तर महिला समूह तिज गीत प्रतियोगिता, स्रष्टा सम्मान, सांस्कृतिक कार्यक्रमहरू लगायतका कार्यक्रमहरू हुने भएको सूचना तथा सञ्चार उपसमिति संयोजक दिनेश भण्डारीले जनाउनु भयो । तिज पर्वमा आफूहरूले समाजमा रहेका युवाहरूलाई खेलकुदको माध्यमबाट समाजमा केही परिवर्तन गर्न सकिन्छ भन्ने सन्देश दिन पनि खेलकुदलाई निरन्तरता दिँदै आएको उहाँले जनाउनु भयो । उक्त भलिबल सहित महोत्सव सम्पन्न गर्न करिब ५० लाख खर्च लाग्ने समाजले जनाएको छ । समाजले लामो समय देखि उक्त महोत्सवबाट बचत रकमलाई समाजद्वारा सञ्चालित एम्बुलेन्स तथा शव वाहन सेवामा खर्च गर्दै आएको पूर्व अध्यक्ष सञ्जयकुमार अधिकारीले बताउनु भयो । साथै भलिवल खेललाई व्यबस्थीत पार्न ४ हजार क्षमताको अस्थायी प्यारापिट समेत निर्माण भएको समाजका सहसचिव हरिबहादुर थापाले बताउनु भयो।

# चित्रे भञ्ज्याङ पोखरा सम्पर्क मञ्चको १५ औं साधारण सभा तथा तीज कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं

चित्रे भञ्ज्याङ पोखरा सम्पर्क मञ्च, कास्कीको १५औं साधारण सभा तथा तीजको दरखाने कार्यक्रम बिहीबार सम्पन्न भएको छ।

उक्त कार्यक्रमका प्रमुख अतिथि स्याङ्जाली सम्पर्क सदन, पोखराका अध्यक्ष तारा गौतम रहनु भएको थियो भने विशेष अतिथि स्याङ्जाली सम्पर्क सदनका, संस्थापक अध्यक्ष रामप्रसाद श्रेष्ठ र बद्रि आचार्य रहनु भएको थियो।

साधारण सभामा सल्लाहकार होमबहादुर थापा, सल्लाहकार चन्द्रकला थापा, पूर्व अध्यक्ष क्या. नरेश थापा तथा अतिथि मदन थापा, महेश कुमार



थापा, पोखरा विश्वविद्यालयका सह प्रशासक टोलमाया थापा लगायतले आफ्नो मन्तव्य राख्नु भएको थियो। कार्यक्रममा संस्थाका सहसचिव चन्द्रा थापाले वार्षिक प्रगति प्रतिवेदन, कोषाध्यक्ष कान्त बहादुर थापाले आर्थिक प्रतिवेदन र अध्यक्ष बुद्धिराम लम्सालले भावी नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको थियो।

सो अवसरमा मञ्चका चेलेवेटीलाई तीजको दर खुवाइएको थियो भने संस्कृतिका कार्यक्रम समेत आयोजना गरिएको थियो । मञ्चका अध्यक्ष बुद्धिराम लम्सालको अध्यक्षतामा भएको कार्यक्रमको संचालन मञ्चका सचिव रुद्र सन्देश मगरले गर्नुभएको थियो।

# कोन सहकारीमा तीज मेहन्दी कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं

पोखरा महानगरपालिका वडा नं १३ स्थित कोन सामुदायिक वचत तथा ऋण सहकारी संस्था लि.को शिक्षा उपसमितिको आयोजनामा सामाजिक उत्तरदायित्व अन्तर्गत हालै दुई दिने तीज विशेष मेहन्दी कार्यक्रम सम्पन्न भयो।

सहकारीका अध्यक्ष तीर्थबहादुर बस्नेतले व्यानरमा हस्ताक्षरगरी कार्यक्रमको उद्घाटन गरेका थिए।

सहकारीका सञ्चालक समितिका सदस्य शारदा पराजुली सिग्देलले भदौ २६ गते र महाप्रवन्धक सुजता हमालले भदौ २७ गते हातमा मेहन्दी लगाई कार्यक्रम सुरु गरिएको



थियो । दुई दिन सम्म चलेको मेहन्दी लगाउने कार्यक्रममा एक सय ८० जना व्यक्तिहरु सहभागी भएका महाप्रवन्धक हमालले वताइन् । सहकारीका अध्यक्ष तीर्थबहादुर वस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा सञ्चालक समितिका सदस्य शारदा पराजुली, महाप्रवन्धक सुजता हमाल र शेयर सदस्यहरुको तर्फवाट अर्जुन सिग्देल लगायत वोलेको कार्यक्रममा संचालक समितिका सदस्य एवं शिक्षा उपसमितिका सदस्य खड्क बहादुर गुरुङले संचालन गरेका थिए।

# सहारा खेलकुद पत्रकारिता पुरस्कार यस बर्ष फोटो पत्रकार पुनलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं

सहारा खेलकुद पत्रकारिता पुरस्कार २०७९ बाट यस बर्ष फोटो पत्रकार उमेश पुन पुरस्कृत हुनुहुने भएको छ।

सहारा क्लवले हरेक बर्ष प्रदान गर्दै आएको उक्त पुरस्कार यस बर्ष पुनलाई प्रदान गर्ने भएको क्लवले जनाएको छ । प्रतिभा छनौट समितिले गरेको सिफारिसको आधारमा भदौं २१ गते क्लवको बैठकले उक्त निर्णयलाई अनुमोदन गरेको क्लवका महासचिव रामजीप्रसाद अधिकारीले बताउनु भयो।

२०३८ भदौं २९ गते बाबु फत्तबहादर पुन, आमा भीम कुमारी पुनको कोखबाट जन्म लिनु भएका पुन दीपेन्द्र पुलिस स्कुल, साँगा काठमाण्डौ, लर्ड बुद्ध एकेडेमी, चक्रपथ, काठमाण्डौ बाट पढाई सके लगतै विगत डेढ दशक भन्दा लामो समय देखि फोटो पत्रकारितामा सक्रिय हुनुहुन्छ।

पुनः हाल नागरिक राष्ट्रिय दैनिक, रिपव्लिका दैनिक, गोल नेपाल डटकममा आबद्ध हुनुहुन्छ भने पोखरा यूनाइटेड दैनिक, अनलाइन खबर डटकम, सिटि पोखरा डटकम लगायतमा काम गर्दै आउनु भएको हो । हाल



उहाँ नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका सदस्य, संसदीय पत्रकार मञ्च गण्डकीका सदस्य, नेपाल फोटो पत्रकार संघ कास्कीका सचिव लगायतका संस्थामा आबद्ध हुनुहुन्छ।

सहारा क्लव स्थापनाको २५ औं बर्ष गाँठको अवसरमा क्लवले यही भदौं ३० गते एक समारोहका बिच उक्त पुरस्कार पुनलाई अर्पण गर्ने भएको महासचिव अधिकारीले बताउनु भयो । उक्त पुरस्कारको राषि २५ हजार ५ सय ५५ रहेको छ। कास्की जिल्लालाई कर्मथलो बनाई लामो समयदेखि खेलकुद पत्रकारितामा क्रियाशील रहँदै आउनु भएका एक जना पत्रकारलाई संस्थाले विगतदेखि 'सहारा खेलकुद पत्रकारिता पुरस्कार' द्वारा सम्मान गर्दै आएको छ। गतबर्ष नारायण शाही सम्मानित हुनु भएको थियो भने त्यसै गरी यस अघि दिपक परियार, इन्द्रप्रसाद पौडेल, सन्देश श्रेष्ठ, विजय नेपाल, सुरज श्रेष्ठ, एमबी आस्था, कृष्णमणि बराल, सागरराज तिमिल्सिना, एकराज गिरी, प्रदीप पौडेल, दीननाथ बराल, प्रेमनारायण न्यौपाने, राम गुरुङ, विनोद लामिछाने, धन बस्नेत, कुलचन्द्र न्यौपाने लगायतका पुरस्कृत हुनु भएको छ । यसैबिच क्लवले आफ्नो बार्षिकोत्सवको अवसरमा यस बर्ष पनि पोखरा बसपार्क क्षेत्रमा बृहत सरसफाई गरेको छ। विहिबार भएको बृहत सरसफाई कार्यक्रमबाट एक गाडी फोहोर संकलन गरिएको क्लवका अध्यक्ष हरिराम गुरुङ (सुरज) ले बताउनु भयो।

पोखरा महानगरपालिका वडा नम्बर ९ का वडा सदस्य नन्दुराम गिरीले सफाईका सामाग्रि क्लवका अध्यक्ष सुरज, कार्यक्रम संयोजक ज्योति के.सी.लगायतलाई हस्तान्तरण गर्नु भएको थियो । सफाई अभियानमा पूर्व अध्यक्षहरु, क्लवका पदाधिकारी, सदस्य तथा स्थानिय बासिहरुको सहभागिता रहेको बरिष्ठ उपाध्यक्ष केशवराज बरालले बताउनु भयो। यसैबिच क्लवले शुक्रबार पोखरामा बृहत रक्तदान कार्यक्रमको आयोजना गर्ने भएको छ।

# पर्यटन ...

आयोजना गरिएको जिल्लास्थित पर्यटन व्यवसायी सङ्घका अध्यक्ष विनोद गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार यस क्षेत्रमा लोपोन्मुख प्रजातिका करिब १२ देखि १५ वटा हिउँ चितुवा छन्।

हिउँ चितुवाको मुख्य आहारका रुपमा रहेको नाउर लोप हुँदै जाने क्रम बढेकाले हिउँ चितुवाले घरपालुवा पशुलाई आक्रमण गर्ने गरेको गुरुङले बताउनुभयो । हिउँ चितुवा र जङ्गली याक संरक्षणका लागि नाउरको संरक्षण आवश्यक रहेको विज्ञहरुको भनाइ थियो।

# विद्यालय नाटक महोत्सवमा १५ नाटक मञ्चन हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं

पोखरा थिएटरद्वारा आयोजित पाँचौं संस्करणको पोखरा विद्यालय नाटक महोत्सवमा १५ नाटक मञ्चन हुने भएका छन्।


बुधबारदेखि सुरु भई असोज १२ गतेसम्म सञ्चालन हुने महोत्सवमा पोखरा महानगरपालिकाभित्रका १४ र काठमाडौंबाट अतिथि नाटकका रुपमा एक नाटक मञ्चन गरिने भएको हो । यस संस्करणको विद्यालय नाटक महोत्सवको नारा 'शिक्षण विधिका रुपमा विद्यालयमा नाटक' तय गरिएको छ । महोत्सवमा प्रमुख सहकार्य पोखरा प्रज्ञा-प्रतिष्ठान गरेको छ भने 'गण्डकी प्रज्ञा-प्रतिष्ठान र राइट फर चिल्डेनले' सहकार्य गरेका छन् । महोत्सवको प्रवर्द्धकका रुपमा पोखरा महानगरपालिका रहेको छ । सबैको साथ सहयोगमा महोत्सव आयोजना हुँदै आएको बताउँदै महोत्सव संयोजक एवं पोखरा थिएटरका अध्यक्ष परिवर्तनले पाँच वर्षको यस अवधिमा केही महत्वपूर्ण उपलब्धि हासिल भएको बताउनुभयो।

पोखरा थिएटरका संस्थापक सञ्चालक दीलप्रसाद गुरुङले नाटक महोत्सवप्रतिको आकर्षण बढ्दै गएको बताउँदै पोखरा थिएटरको स्थापना यता विद्यालयमा अभिनय कक्षा, प्रशिक्षण, नाटक मञ्चन, नाटक महोत्सवका साथै रङ्गमञ्चीय गतिविधि बढाइएको बताउनुभयो। महोत्सवको पहिलो दिन बुधबार हिल पोइन्ट मावि माटेपानी पोखराद्वारा तयार गरिएको नाटक 'शिलान्यास' मञ्चन गरिएको थियो । भीमनिधि तिवारीद्वारा लिखित नाटक रमेश तिमल्सिनाको निर्देशनमा मञ्चन गरिएको हो। महोत्सवको दोस्रो दिन आज नवदीप बोडिङ स्कुल अम्मरसिंहले तयार 'म..म..म..म..भूत' नाटक मञ्चन गरिनेछ । सरुभक्तद्वारा लिखित नाटक दिप्सना विश्वकर्माको निर्देशनमा तयार गरिएको छ। महोत्सवमा मञ्चन हुने सबै नाटक हेर्ने दर्शकको सहजताका लागि एक हजार रुपैयाँ तिरेर सदस्यता लिनसक्ने व्यवस्था मिलाइएको थिएटरले जनाएको छ। हरेक विद्यालयलाई प्रोत्साहनस्वरुप १० हजार रुपैयाँ प्रदान गरिने जनाइएको छ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्बार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ ।
– लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# नेम्वाङलाई जनताले दिएको श्रद्धाञ्जली !

संविधानसभाका अध्यक्ष तथा नेकपा एमालेका नेता सुवास नेम्वाङको राजकीय सम्मानका साथ पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ । उनलाई पशुपति आर्यघाटमा छोराहरु मिङ्सो र सुहाङ नेम्वाङले दागबत्ती दिएका छन् । उनको सम्मानमा नेपाली सेनाको टोलीले शोक धुन बजाएको थियो । त्यसअघि नेम्वाङको पार्थिव शरीरमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रिय झण्डा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टीको झण्डा ओढाएर अन्तिम बिदाइ गरेका थिए । प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठसहित विशिष्ट व्यक्तिहरुले नेम्वाङलाई श्रद्धाञ्जली व्यक्त गरे। राजकीय सम्मानका साथ अन्त्येष्टिका लागि नेम्वाङको निवास बालुवाटारबाट शव आर्यघाट ल्याइएको थियो । नेम्वाङको पार्थिव शरीरमा अन्तिम श्रद्धाञ्जलि व्यक्त गर्न आर्यघाटमा एमालेका शीर्ष नेता, सांसद्, कार्यकर्ता, शुभेच्छुक, आफन्त र सर्वसाधारणको बाक्लो सहभागिता रहेको थियो । यही भदौ २६ गते निधन भएका नेम्वाङको अन्त्येष्टि हुने दिन आज सरकारले सार्वजनिक बिदा दिएको थियो ।

ऐतिहासिक संविधान सभाका अध्यक्ष नेम्वाङले नेपालको संविधान निर्माणका क्रममा दुई कार्यकाल संविधानसभाको अध्यक्षको जिम्मेवारी निर्वाह गरे। वि.सं. २०६४ र २०७० मा उनलाई सो जिम्मेवारी प्राप्त भएको हो। उनी अध्यक्ष रहँदा २०७२ असोज ३ गते नेपालको संविधान २०७२ जारी भएको थियो । वि.सं. २०६५ जेठ १५ गते नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र मुलुक घोषणा भएसँगै दुई सय ४० वर्षे राजसंस्थाको विधिवत अन्त्य भयो । पहिलो संविधान सभाबाट संविधान जारी हुन नसकेपछि २०६९ जेठ १४ मा संविधानसभा विघटन भयो । दोस्रो संविधान सभाबाट वि.सं. २०७२ असोज ३ गते गणतान्त्रिक नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवको हस्ताक्षरमा नेपालको संविधान जारी भयो। त्योबेला संविधान सभाका अध्यक्ष नेम्वाङले अग्रणी एवम् समन्वयकारी भूमिका निर्वाह गरेका थिए ।

वि.सं. २००९ फागुन २८ गते इलामको सुन्तलाबारीमा बुवा रामबहादुर नेम्वाङ र आमा अपिन्द्रकुमारी नेम्वाङको कोखबाट नेता नेम्वाङको जन्म भएको थियो। आदर्श स्कुल, इलाम पद्मदादेखि नै वामपन्थी आन्दोलनको प्रभावमा रहेका नेम्वाङले त्रिचन्द्र कलेजबाट आइएसी तहको अध्ययन सम्पन्न गरे। विद्यार्थी कालदेखि राजनीतिमा जोडिएका उनी २०२९ सालमा महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाममा स्वतन्त्र विद्यार्थी युनियनको सभापति भए । त्रिभुवन विश्वविद्यालयबाट उनले कानुनमा स्नातक शिक्षा हासिल गरे । नेपाल ल क्याम्पस, काठमाडौंमा विद्यार्थी जीवनकालमा राजकाज मुद्दामा जेल परेको त्यो बेला जेलमै रहँदा २०३३ साल असार ३ गते अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को-अर्डिनेसन केन्द्रको पार्टी सदस्यता लिए। २०४६ को संयुक्त जनआन्दोलन,२०६२-६३ को शान्तिपूर्ण जनआन्दोलनताका पटक-पटक हिरासतमा परेका थिए ।

२०४९ मा पार्टीको पाँचौ राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय न्यायिक समितिको सदस्यमा निर्वाचित भए । २०५४ र २०५९ मा सम्पन्न छैटौं र सातौं महाधिवेशनमा केन्द्रीय सदस्य, २०७२ मा एमाले स्थायी कमिटी सदस्य र २०७८ मा चितवनमा सम्पन्न दशौं राष्ट्रिय महाधिवेशनबाट एमाले उपाध्यक्षमा निर्वाचित भएका थिए । २०३६ सालमा नेपाल ल क्याम्पसमा प्राध्यापन सुरु गरेका नेम्वाङ २०४१ मा नेपाल बार एशोसियसनको केन्द्रीय सदस्य र २०४३ मा महासचिवको रुपमा कानुनी क्षेत्रमा नेतृत्व गरे । नेकपा (एमाले) का तर्फबाट २०४८ र २०५२ मा दुई पटक राष्ट्रिय सभाको सदस्य जिम्मेवारीकुशलता साथ पूरा गरे। पुनःस्थापित प्रतिनिधिसभा २०६३ र अन्तरिम संविधान जारी भएपछि गठित व्यवस्थापिका संसद्, संविधान सभाको निर्वाचनपछिको व्यवस्थापिका संसद २०६५ तथा २०७० गरेर चार पटक सभामुखको जिम्मेवारी सम्हाले ।

२०५१ सालमा मनमोहन अधिकारी नेतृत्वको पहिलो कम्युनिष्ट सरकारको पालामा उनी कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री भए । उनी लोकप्रिय नेताको रुपमा २०५६ देखि २०६४, २०७०, २०७४ र पछिल्लो २०७९ मंसिरको संसदीय निर्वाचनमा निरन्तर निर्वाचन क्षेत्र २ इलामबाट निरन्तर विजयी भए । २०५६ मा पहिलो पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुँदा संसदको सार्वजनिक लेखा समितिको सभापतिको रुपमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरे। पछिल्लो समय नेकपा (एमाले) संसदीय दलका उपनेता समेत रहेका नेम्वाङ २०७९ फागुन २५ गते भएको निर्वाचनमा राष्ट्रपति पदमा उम्मेदवार बने पनि गणीतीय सफलता प्राप्त हुन सकेन । उनले खेलेको भूमिका सबै नेपालीले रुचाउने रहेछन भन्ने श्रद्धाञ्जली देखि अन्तिम संस्कारमा भएको उपस्थितिले पुष्टि गरेको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाव |
| कर्कट | : मन चञ्चल | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : व्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# घार्मीका दिदीबहिनीको तीज



पोखरापत्र संवाददाता
पोखरा, २८ साउन

तिजको दर खान भनेपछि, शहरका होटल र पार्टी प्यालेस एक महिना अगावैवाट बुकिङ्ग हुन्छन् ।

त्यतिमात्र नभई विभिन्न होटल तथा पाटी प्यालेस त तिज विशेष भन्दै महङ्गो सुचीमा मेनु नै सार्वजनिक गरेर विज्ञापन नै हालिरहेका हुन्छन् । आजकाल दिनहुँ दर खान होटल जानेहरुको लर्को शहरमा निकै नै देखिन्छ। रातो खालको सारी ढल्काएर मात्रै पुग्दैन त्यसमा छ्यक्क सुन भएन भने दर नै खल्लो हुने शहर बजारमा राती अबेरसम्म तिज गीत मात्र वज्दैन, डान्सीङ्ग गीतमा कम्मर मर्काएका दृश्य सामाजिक संजालमा वग्रेल्ती देख्न पाईन्छ। यसले कतै हाम्रो साँस्कृतिक पर्वलाई महँङ्गो र हुदा खादाका लागी अभिसाप त वनाएको छैन । शहरका होटल र पार्टी प्यालेस भरिभराउँ भैरहेको अवस्थामा पर्यटकीय क्षेत्र घार्मीका आमाहरुले भने खुल्ला चौरमा परम्परागत परिकार खाएर तिज मनाएका छन्। आमा समुहमा आवद्ध दिदी वहिनीहरु स्थानिय ओमकारेश्वर मन्दिर परिसरमा जम्मा भई दर मात्र खाएनन, उनीहरु मादल, मुजुरा वजाएर छमछम्ती नाँच्न समेत भ्याए । भगवान शिवको मन्दिर अगाडी उनलाई साच्ची राखी आमाहरुले परम्परागत तिज गीत गाउँदै, गाँउमै पाईने दुध, दही, जम्मा गरेर त्यहीको उत्पादनलाई पकाएर दर खाएको समुहकी लिला पौडेलले वताईन । आ आफ्नो घरमा उत्पादन भएका चिजविज जम्मा गरी सवै दिदी वहिनीलाई वोलाएर दर खुवाईएको उनले स्पष्ट पारिन् । कार्यक्रममै सहभागी भएकी राम्वेकी ७५ वर्षिया जेष्ठ नागरिक सरस्वती पौडेलले आफ्नो पालाको जस्तै रमाईलो गरी दर खान पाएकोमा खुसी व्यक्त गरिन् । पौडेल मात्र नभई सहभागी अन्य जेष्ठ नागरिकले पनि आफ्ना छोरी वुहारीले परम्परागत शैलीमा सन्देश मुलक कार्यक्रम गरेको वताएका छन् । उनीहरुले आफ्नो विगतको सम्झना गीतवाटै व्यक्त समेत गरेका थिए । पोखरा शहरवाट नजिकै भएर पनि त्यहाँका आमा, दिदी वहिनीले तीजको ऐतिहासिक र साँस्कृतिक पाटोलाई वढवा दिएकोमा शिक्षक भनकराज दाहालले खुशी व्यक्त गरे । तिज भड्कीलो वन्दै गएकोमा चिन्ता व्यक्त गर्दै उनले हरेक व्यक्ति र संघ संस्थाले यसको ऐतिहासिक पाटोलाई विर्सन नहुने सुझाव दिए। यस वर्षमात्र नभई विगतका वर्षमा पनि यसरी नै कार्यक्रम गरिएको आगामी वर्ष पनि यसलाई निरन्तरता दिने समुहकी गीता पौडेल पराजुलीले जानकारी दिईन । समुहले दर खाने नाममा तीजको साँस्कृतिक पाटो नै मेटिने गरी भड्किलो नवनाउन र सवै तह र तप्काले मनाउन सक्ने गरी तीज मनाउन आग्रह समेत गरेको छ।

# 'कुश ल्याउने पुरोहितसमेत गाउँमा छैनन्'

पोखरापत्र संवाददाता
गोरखा, २८ साउन

गोरखाको भीमसेन थापागाउँपालिका-६ अश्राङकाजगतकुमार श्रेष्ठले घरमा कुश नभित्र्याएको पनि आठ/१० वर्ष जति भइसक्यो । हिन्दू धर्ममा कुशलाई भगवान् विष्णुको प्रतीकका रुपमा लिइन्छ।

हरेक वर्ष भाद्र महिनाको औंसीको दिन कुशेऔंसी पर्वमा हिन्दू धर्मालम्वीले घर-घरमा कुशभित्र्याएर मनाउने प्रचलन रहदै आएको छ । पुरोहितले पूजाआजासहित मन्तर जपेर चोखो गरी कुशेऔंसी दिन ल्याएको कुश घरको ढोका अगाडि पालीमा जजमानको घरमा सिउरिएर छोडेपछि घरमा वर्षभरी पर्ने देवकार्य तथा पितृकार्यमा त्यहीँ कुश प्रयोग गर्ने गरिन्छ ।तर गएको केहीवर्षदेखि कुशेऔंसीको दिन उहाँको नत पुरोहित नै कुश नै कुशलिएर आउछन् नत उहाँ आफै कुशलिन जानुहुन्छ । बरु घरमा देव तथा पितृकार्यमा कुश चाहिए पुरोहितलाई नै ल्याउन लगाएर आवश्यकतामा काम गर्दै आउनुभएको छ । "मेरो घरमा मात्र होइन आजभोलि छरछिमेकमा समेत धेरैजसोको घरमा कुश भित्र्याउने चलन हट्दै गएको छ, श्रेष्ठले भन्नुभयो, "घर-घरमा कुश ल्याउने पुरोहितसमेत गाउँमा छैनन् ।" गोरखा नगरपालिका-८ का बमबहादुर खत्रीको घरको घरमा पनि कुश नभित्र्याएको तीन वर्ष भन्दा बढी भइसक्यो । "कुशे औसीको दिनविहानै घरको ढोकामा पुरोहित कुस लिएर आउने र ढोकामाइवै टाँसर जाने र जजमानले सकेको दानदक्षिणादिने प्रचलन पुरानो हो", उहाँले भन्नुभयो, "हिजोआज पुरोहितआउन पनि छोडीसके हामी पनि खोज्दै जान छोड्यौ ।" घरघरमा पूजागर्दा तथा पितृकार्य पर्दा बजारबाट कुशकिनेर ल्याई कार्यहरुगर्ने गरेको उहाँको भनाइ छ।

# तनहुँ जलविद्युत् आयोजनाको समग्र प्रगति ४३ प्रतिशत

पोखरापत्र संवाददाता
दमौली, २८ भदौ

तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत आयोजनाको समग्र प्रगति ४३ प्रतिशत पुगेको छ । निर्माण सुरु भएको चार वर्षमा आयोजनाले तीन वटा प्याकेजमा ४३ प्रतिशत प्रगति हासिल गरेको हो ।

तीन वटा खण्डमा काम तीव्र गतिमा भइरहेको तनहुँ जलविद्युत् आयोजनाको प्रबर्द्धक कम्पनी तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले जानकारी दिनुभयो। तीनवटै प्याकेजको समग्र भौतिक प्रगति ४३ प्रतिशत रहेको श्रेष्ठको भनाइ छ । उहाँका अनुसार प्याकेज-१ अन्तर्गत बाँध निर्माण २५ प्रतिशत, प्याकेज २ अन्तर्गत विद्युत् गृह निर्माण ४५ प्रतिशत र प्याकेज ३ अन्तर्गत प्रसारण लाइन निर्माण ६९ प्रतिशत भौतिक प्रगति भएको छ । उहाँले भन्नुभयो, "तीन वटै प्याकेजको काम तीव्र गतिमा भइरहेको छ, आयोजनाको प्रगति सन्तोषजनक रहेको छ ।" कोभिड-१९ को सङ्क्रमणको बेला पनि काम नरोकिएको बताउँदै श्रेष्ठले चाडपर्वका बेला पनि कामलाई गति दिइएको बताउनुभयो । प्याकेज तीन अन्तर्गत वनको नीतिगत समस्याका कारण केही ढिलाइ भएको छ। यसबारेमा सम्बन्धित मन्त्रालयमा समस्या समाधानका लागि पहल भइरहेको उहाँले बताउनुभयो । प्रसारण लाइन निर्माणका लागि ६९ टावरको जग खन्ने काम सकिएको छ भने ३३ टावर जडान सम्पन्न भइसकेको छ । प्याकेज २ अन्तर्गत भूमिगत विद्युत्गृहको भौतिक निर्माण ६६ प्रतिशत सकिएको छ । इलेक्ट्रोनिकल मेकानिकल अन्तर्गत १० प्रतिशत प्रगति हासिल भएको छ । आयोजनाको पहिलो प्याकेज अन्तर्गत एक सय ४० मिटर अग्लो बाँधलगायतका संरचना सोङ दा कर्पोरेसन, भियतनाम-कालिका कन्स्ट्रक्सन प्रालि नेपाल जेभिले निर्माण गरिरहेको छ । जसअन्तर्गत अहिले मुख्य बाँध निर्माणका लागि नदी फर्काउनका लागि आवश्यक डाइभर्सन सुरुङ, बाँधको माथिल्लो भाग तथा स्लोप खन्ने कार्य, प्रवेश सडकको स्तरोन्नति भइरहेको आयोजना प्रमुख राजभाइ शिल्पकारले जानकारी दिनुभयो। आयोजनाको सुरुङ, विद्युत् गृह निर्माण र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालन लगायतका दोस्रो प्याकेजको निर्माण चिनियाँ कम्पनी सिनो हाइड्रो गरिरहेको छ । आयोजनाको तेस्रो प्याकेज अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणकार्य केइसी, भारतले गरिरहेको छ। आयोजनाको समग्र निर्माण २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ।

आयोजनाको प्याकेज १ अन्तर्गत हेडवर्क्स निर्माण कार्यका लागि सोङ दा कर्पोरेसन, भियतनाथ कालिका कन्स्ट्रक्सन प्रालि, नेपाल जेभीसँग विसं २०७७ चैत ९ गते रु २१ अर्ब ६६ करोड ४० लाख ४१ हजार आठ सय ७८ मा खरिद सम्झौता भएको थियो। यो प्याकेज अन्तर्गत मुख्य बाँध निर्माणका लागि नदी फर्काउन आवश्यक पर्ने डाइभर्सन सुरुङ १ र २ को निर्माण कार्य जारी रहेको आयोजनाले जनाएको छ। दुवै डाइभर्सन सुरुङको इनलेट र आउटलेटबाट खन्ने काम भइरहेको आयोजनाले जनाएको छ । बाँधको माथिल्लो भागको स्लोप खन्ने काम अन्तर्गत हालसम्म इलिभेसन तह ५४४ मिटरबाट ४८० मिटरसम्म खन्ने काम सम्पन्न भइसकेको छ। यसैगरी बाँधको दायाँ किनारातर्फबाट माथिल्लो भागको स्लोप खन्नका लागि पहुँच सडक निर्माण कार्य सुरु गरिएकामा वर्षाका कारण प्रभावित भएको थियो।

हालसम्म इलिभेसन तह चार सय ७० मिटरसम्म खन्ने काम सकिएको आयोजनाले जनाएको छ । आयोजनाको प्याकेज दुईको निर्माणका लागि सिनो हाइड्रो कर्पोरेशनसँग विसं २०७५ असोज १५ गते अमेरिकी डलर एक अर्ब रु १४ करोड एक लाख ८८ हजार नौ सय ५८ र रु तीन अर्ब ८३ करोड १३ लाख ६० हजार तीन सय ६१ मा खरिद सम्झौता भएको थियो । खरिद सम्झौता बमोजिम निर्माण सुरु गर्न कार्यादेश जारी गरेपश्चात् सिनोले विसं २०७५ माघ ६ गतेबाट आयोजनास्थलमा परिचालित भई निर्माण जारी राखेको छ । यो प्याकेज अन्तर्गत ८९ मिटर लम्बाइ, २२ मिटर चौडाइ र ५१ मिटर उचाइ भएको भूमिगत विद्युतगृह खन्ने काम विसं २०७९ असार १० गते सम्पन्न भएको आयोजनाले जनाएको छ । यसका अतिरिक्त मुख्य पहुँच सुरुङ, केबल सुरुङ र सेती नदीको दायाँतर्फबाट बाँधस्थलतर्फ जाने तथा सर्ज ट्याङ्कतर्फको पहुँच सुरुङ निर्माण सम्पन्न भएको आयोजना प्रमुख शिल्पकारको भनाइ छ । आयोजनाको एक हजार चार सय ५६ दशमलव नौ मिटर लामो मुख्य सुरुङ विसं २०७८ कात्तिकबाट खन्न सुरु गरिएकामा लक्ष्यरिको मसान्तसम्म ६८० मिटर खन्ने काम सकिएको छ। आयोजनाको दुई सय १० दशमलव नौ मिटर टेलरेस सुरुङ विसं २०७७ फागुन २९ गतेदेखि खन्न सुरु गरिएकामा उक्त काम सम्पन्न भइसकेको छ । हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिल कार्य अन्तर्गत पेनस्टक जडानका लागि खन्ने काम ६४ मिटर रहेकामा सम्पूर्ण पेनस्टक खन्ने कार्य सकिएको छ। प्याकेज तीन अन्तर्गत प्रशारण लाइन निर्माणका लागि ६९ वटा टावरको जग हालिसकिएको आयोजनाले जनाएको छ।

कूल ३३ वटा टावर जडान कार्य सम्पन्न भएको र आठ स्थानमा टावर प्रोटेक्सन कार्य गरिएको छ । ३४ दशमलव सात किमि प्रशारण लाइनमा ९४ वटा टावर राखिनेछ । प्रशारण लाइन निर्माण सन् २०२२ मेसम्म सम्पन्न गर्ने लक्ष्य राखिएकामा कोभिड १९ को महामारी र वन क्षेत्रको रुख कटानको स्वीकृति वन मन्त्रालयबाट प्राप्त हुन ढिलाइ हुँदा सम्झौताको म्याद सन् २०२४ डिसेम्बर १९ सम्म थप गरिएको छ । कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

# कृषिमा भविष्य देख्दै नब्बे वर्षीय गुरुङ

पोखरापत्र संवाददाता
तनहुँ, २८ साउन

व्यास नगरपालिका-५ पाटन निवासी केबी गुरुङ ९० वर्ष पुग्नुभयो । उमेरले डाँडा काटिसके पनि उहाँमा जोश र जाँगर भने सोह्र वर्षे जावनीको भन्दा कम छैन । साविक कृषि विकास कार्यालयको अधिकृत पदको जागिर छाडेर कृषि पेशामा लाग्नुभएका उहाँले एक सयरोपनीभन्दा बढी जमिनमा विभिन्न खेती गर्दै आउनु भएको छ।

आठ वर्षसम्म अधिकृतस्तरको सेवा गर्नुभएका गुरुङले विसं २०३२ मा जागिर छाडेर जडीबुटी, फलफूल र बाँस खेती गर्नुभएको हो । भारतको कानपुरमा बिएसी पास गरेर आएपछि नेपालका विभिन्न जिल्लामा जागिर गर्दै तनहुँमा सरुवा भएर आएपछि कृषि क्षेत्रतर्फ आफ्नो मोह बढेको उहाँले बताउनुभयो । जिल्लामा आएको चारवर्षपछि अन्यत्र जिल्लामा सरुवा गभएपछि जागिरभन्दा कृषि पेशातर्फ आकर्षित भएको गुरुङको भनाइ थियो । यस जिल्लाबाट अन्यत्रै सरुवा गरेपछि बगैँचा छाड्ने कि जागिर भन्ने दुबिधा भयो र अन्ततः जागिर नै छोडिएको उहाँले बताउनुभयो।

विगत वर्षमा वार्षिक रु तीस लाखदेखि चालिस लाखसम्मको बाँस र बाँसका बिरुवा बिक्री गर्दै आए पनि गतवर्ष मुस्किलले रु दस लाख बराबरको बिक्री गरिएको गुरुङले बताउनुभयो । महामारीको रुपमा फैलिएको कोरोनापश्चात् मानिस विदेश पलायन हुने क्रम बढेसँगै कृषि पेशा ओझेलमा पर्दै गएकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो । "अबको एक वर्षभित्र अगरउड बिक्री गर्न लायक भएकाले करोडौँका अगरउड बिक्री गर्ने योजना छ", गुरुङले भन्नुभयो, "छब्बीस वर्ष पूरा भएका दुई सय ५० वटा रुखमा कृत्रिम रसायन दिई अगरउड उत्पादन गर्न लागेको छु। भारतको आसामबाट प्रतिबिरुवा रु पचासमा खरिद गरेर व्यावसायिकरुपमा बिरुवा लगाइएको अगरउड बिक्री हुन थालेपछि मात्रै खुसीको क्षण आउने छ ।" अगरउडको खेतीसँगै उहाँले बर्सेनि करिब रु दुई/तीन लाखको अगरउडका बिरुवा बिक्री गर्दै आउनुभएको छ । रित्तो डोको लिएर आएको थिएँ, छिट्टै भरी नोट लिने सपना बुनेको छु,गुरुङले भन्नुभयो,"सरकारले अगरउड र गाँजा खेतीलाई बढवा दिनसके देशको विकासमा आमूल परिवर्तन गर्न सकिन्छ ।" अगरउडको बोक्राबाट सिन्केधूप र बाटेको धूप बनाउन सकिन्छ भने सक्कली अगरउड सुनको मूल्य बराबरमै बिक्री हुने अति महँगो बास्नादार बस्तु उत्पादन हुन्छ । किसान गुरुङका बगैँचामा अगरउडका साथै सुगन्ध कोकिला, तेजपात, श्रीखण्ड, एभोकाडो, सुन्तला, कागती, आँप, लिची, रुद्राक्षलगायत फलफूल र जडीबुटी छन् । त्यसैगरी बाँसतर्फ स्थानीय, इण्डियन बाँस, लठ्ठे, नियाले चिल्ले, तारुका, ढुङ्ग्रे, मला, तामा, धनुलगायत बीस प्रजातिका बाँस अहिले बगैँचामा छन् । सुरुमा बयालिस प्रजातिका बाँस लगाए पनि केही चोरी भएको र केही मरेका कारण बाँसका प्रजाति घट्दै गएको उहाँले बताउनुभयो । कृषि क्षेत्रमा नै जीवन बिताउँदै आउनुभएका किसान गुरुङमा पछिल्लो समय दुवै मिर्गौलाको समस्या भएकाले केही समय अघिदेखि डायलासिस गर्दै आउनुभएको छ । डायलासिसमा मासिक रु पैतालिस हजार खर्च गरी उपचार गर्दै आएको उहाँले बताउनुभयो ।

# छोरा कुरिरहनुभएका बा !

**रासस**
बागलुङ, २८ साउन

कुशे औँसीअर्थात् बुबाको मुख हेर्ने दिन । उक्त दिन आफ्नो बुबालाई भेटेर मीठा परिकार खान दिने, उपहार दिने र आशिर्वाद लिने चलन छ । बुबालाई भेट्न नसक्नेले भने फोन तथा श्रव्यदृश्य फोनका माध्यमबाट बुबाको मुख हेर्ने गर्छन् । आजको दिन आफ्ना छोराछोरीसँगै होउन् भन्ने हरेक बाआमालाई हुन्छ ।

बागलुङको बागलुङ नगरपालिका-१३ पैयुँपाटाका ७० वर्षीय केशवराज पाठकलाई पनि त्यस्तै लागेको थियो । तर उहाँ चाहेर पनि आफ्नो सन्तान सँगसँगै हुन पाउनु भएको छैन । अहिले उहाँ मानव सेवा आश्रम बागलुङमा आश्रय लिएर बस्नुभएको छ। हरेक दिन आश्रमको प्रवेशद्वार नजिकै अनुहार चाउरिएको, सेतै कपाल फुलेका तथा हातमा सानो मोबाइलमा गीत बजाएर सुनिरहेको अवस्थामा भेटिनुहुने पाठक आफ्ना छोराहरू लिन आउँछन् भन्ने आशमा हुनुहुन्छ । उहाँको निन्याउरो अनुहारमा धेरै निरास र अलिअलि आशाका किरण देखिन्छन् । पाठकले मानवसेवा आश्रमभित्र प्रवेश गर्ने सबैलाई नमस्ते गर्दै स्वागत गर्ने गर्नुहुन्छ। पाठक दुई वर्षदेखि मानव सेवा आश्रममा बस्दै आउनुभएको छ । उहाँ घरीघरी छोराहरूलाई सम्झनुहुन्छ । तर छोराहरू भने उहाँलाई सम्झँदैनन् ।

पाठकका तीन भाइ छोरा हुनुहुन्छ। जेठो र माइलो भारतको वनरासमा हुनुहुन्छ भने कान्छो छोरा भने कुवेतमा हुनुहुन्छ। पाठकका दुई बुहारी र छ नातीनतिना पनि हुनुहुन्छ तर उहाँलाई कसैले पनि सम्झिन्न् । तीन वर्ष अगाडि श्रीमती गुमाउनुभएका पाठक कान्छी बुहारीसँग केही महिना बिताउनुभयो। पोखराबाट लुम्बिनी जाने क्रममा बीच सडकमै अलपत्र पारेर छोरा बुहारी सम्पर्कविहीन भएपछि पाठक बागलुङ फर्किनुभयो। बागलुङ फर्किएपछि मानव सेवा आश्रममा आउनुभयो। अहिले पाठकको दैनिकी आश्रममै बित्ने गरेको छ। आज भाद्र कुशे औँसीअर्थात् बुबाको मुख हेर्ने दिन । आजको दिनले पाठकलाई निकै पिरोल्ने गर्छ । छोराहरूले सानो छँदा बाबा भनेर आङ्गालो र ठियुँमा झुन्डिएको यादले यहाँलाई सताउने गर्छ। अहिले तिनै छोराले नसम्झिँदा मन दुख्ने पाठकले बताउनुभयो । छोराहरू हुर्काउन, बढाउन र पढाउन आफूले निकै सङ्घर्ष गरेको सुनाउनुभयो। अझै पनि छोराहरूले आफूलाई साथैमा लिएर पाल्ने आश उहाँमा छ। तर जेठो र माइलोसँग चार वर्षदेखि र कान्छोसँग तीन वर्षदेखि उहाँको सम्पर्क भएको छैन ।

"म सामान्य परिवारको मान्छे हुँ, मेरा छोराहरूले दुःख पाउँछन् भनेर मैले २० वर्ष भारतमा रगत पसिना बगाएर धन कमाएँ, बुढीले गाउँघरमा हात खुट्टा बजारेर उनीहरूलाई हुर्काइन्, उनीहरूले पढ्न जाहे जति पढाएँ पनि, जब बुढी बिती, त्यसपछि छोराहरूले मलाई हेर्न छोँडे", पाठकले भन्नुभयो, "अब हातपाखुरा बस्न थाले, छोराहरूले पनि मलाई एक्लो बनाए, किन मलाई यस्तो ठाउँमा पुऱ्याए मैले केही बुझ्न सकेको छैन, अझै पनि आश त लाग्दो रैछ लैजान्छन् कि भन्ने तर अहिले कहाँ छन्, के गर्दैछन् केही थाहा छैन ।"

पाठकले छोराहरू पाल्नका लागि पुस माघको जाडोमा खाली खुट्टा स्याङ्जाबाट नुन र चामल बोकेर ल्याएर खुवाएको भन्दै अहिले त्यो दुःख भुलेर छोराहरूले आफूलाई हेला गरेको बताउनुहुन्छ । गाउँमा थोरै जग्गा जमिन भए पनि आफू आश्रममै बस्ने गरेको पाठकले बताउनुभयो। कुशे औँसीमा आफूले बाबाको मुख हेर्ने गर्दा छोराहरूले त्यो सिके पनि अहिले स्वार्थी बनेको गुनासो पोख्नुभयो । पछिल्लो समय पाठकलाई जस्तै धेरै सन्तानले आफ्ना बाबाआमालाई आश्रममा राख्ने गरेको पाइन्छ। अहिले धेरै युवायुवती प्रदेशमा छन् । गाउँमा बूढा बाआमा मात्रै छन् । पाठकले समय समयमा आफ्नो परिवारलाई सम्झेर निरास हुने गरेको मानव सेवा आश्रम बागलुङकी प्रमुख विपना तामाङले बताउनुभयो । परिवारले नहेरेपछि पाठकलाई आश्रममा ल्याइएको तामाङको भनाइ छ । अहिले पाकठले आश्रममा निकै इमान्दार भएर बसेको भन्दै सकेको कामसमेत गर्ने गरेको उहाँले बताउनुभयो ।

"बुबाले आफ्नो छोराहरूलाई धेरै सम्झिनुहुन्छ, तर छोराहरू कहाँ हुनुहुन्छ भन्ने थाहा छैन, उहाँले विदेश छन् भन्नुहुन्छ, अहिलेसम्म उहाँहरू बुबालाई भेट्न एक पटक पनि यहाँ आउनुभएको छैन, धेरै दुःखका कुरा गर्नुहुन्छ", तामाङ भन्नुहुन्छ", "यहाँ बस्न थालेको धेरै समय भयो, बूढाबूढी मान्छे सकेको काम गर्न खोज्नुहुन्छ, आश्रममा धेरै बालबालिका पनि छन् उनीहरूलाई हेर्ने, अरु काम पनि गर्छु भन्नुहुन्छ, जस्तो भए पनि बुबालाई भेट्न आउनुपर्थ्यो, छोराहरू आए हुन्छ ? भन्दा जान्छु भन्नुहुन्छ, बेला बेला निराश हुने गर्नुहुन्छ, हामीले सम्झाउने गरेका छौँ ।"

# राधाकृष्ण मन्दिर लामेआहालमा श्रीमद्भागवत महापुराण ज्ञानमहायज्ञ(सप्ताह) हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन



भक्तिगोविन्द भागवत श्री अध्ययन प्रतिष्ठानको आयोजनामा पोखरा महानगरपालिका वडा नं ३२ लामेआहालस्थित राधाकृष्ण मन्दिरमा यही भदौ ३० गतेदेखि असोज ६ गतेसम्म श्रीमद्भागवत महापुराण ज्ञानमहायज्ञ (सप्ताह) हुने भएको छ।

प्रतिष्ठानद्वारा बिहीबार यहाँ आयोजित पत्रकार सम्मेलनमा बैदिक सनातन भागवत धर्म र संस्कृतिको संरक्षणार्थ भागवत जयन्तीको अवसर पारी ख्यातीप्राप्त कथावाचक ईश्वरकृष्ण महाराजबाट भागवत कथा वाचन गरिने प्रष्ठिानका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले जानकारी दिनुभयो । भावगत जयन्तीकै अवसरमा असोज ६ गते प्रतिष्ठानद्वारा गुरुकुल संस्कृत मा.वि. तह (कक्षा ९-१२) गण्डकी प्रदेशस्तरीय भागवत वाचन प्रतियोगिता समेत गर्न लागिएको सल्लाहकार माधवशरण उपाध्यायाले जानकारी दिनुभयो । प्रतियोगितामा स्तुतिप्रकरण, गद्यप्रकरण र शलाका माध्यमद्वारा सम्पूर्ण भागवत अन्तर्गत वाचन गर्नुपर्ने व्यवस्था गरिएको छ । उहाँका अनुसार स्तुतिप्रकरणमा वेदस्तुति दशमस्कन्धको ८७ अध्याय, भीष्मस्तुति प्रथमस्कन्धको ९ अध्याय र रासपञ्चाध्यायी दशमस्कन्धको २९, ३०, ३१, ३२ र ३३ अध्याय निर्धारण गरिएको छ। त्यस्तै गद्यप्रकरणमा भरतोपाख्यान पञ्मस्कन्धको ७, ८ र ९ अध्याय तोकिएको छ । भागवत वाचनको यति, गति, लय, शुद्धाशुद्धी र स्पष्टतालाई आधार मानिएको जानकारी गराउँदै उहाँले प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः ११ हजार, सात हजार ५००, पाँच हजार र तीन हजार रुपैयाँ नगद पुरस्कारको व्यवस्था गरिएको बताउनुभयो। प्रतिष्ठानका सल्लाहकार एवम् राधाकृष्ण मन्दिरका पीठाधिश प्राज्ञ मुकुन्दशरण उपाध्यायले बेद, गीता जस्ता धार्मिक ग्रन्थहरू नेपालमा नै लेखिएको कुरालाई हामीले प्रचारप्रसार गर्न नसकेको बताउनुभयो। हाम्रा मौलिक संस्कार र संस्कृतिको जगेर्ना गर्नु अपरिहार्य भएको बताउँदै उहाँले ज्ञानमहायज्ञमा कथा श्रवण गरी लाभान्वित बन्न सबैलाई आग्रह गर्नुभयो। प्रतिष्ठानका सल्लाहकार एवम् राधाकृष्ण मन्दिरका सह अध्यक्ष गणेशबहादुर खत्रीले प्रतिष्ठानले गर्न लागेको श्रीमद् भागवत् महापुराण ज्ञानमहायज्ञ (सप्ताह) कुनै आर्थिक संकलनको उद्देश्यका साथ नभएको स्पष्ट पार्नुभयो । महायज्ञका क्रममा भक्तजनबाट स्वतस्फुर्त प्राप्त भएको दान तथा सहयोग भने राधाकृष्ण मन्दिर, गुरुकुल आदिका लागि खर्च गरिने उहाँले जानकारी दिनुभयो । प्रतिष्ठानका अध्यक्ष भक्ति अधिकारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव रामचन्द्र सिग्देलले गर्नुभएको थियो भने स्वागत उपाध्यक्ष विष्णुप्रसाद पौडेलले गर्नुभएको थियो। ज्ञान महायज्ञका लागि गठित उपसमितिमा अतिथि तथा मञ्च व्यवस्थापनतर्फ विष्णुप्रसाद पौडेल, प्रचारप्रसारतर्फ रामचन्द्र सिग्देल, आवाश तथा प्रसाद व्यवस्थापनतर्फ घनश्याम खनाल र अर्थ व्यवस्थापनतर्फ शिशुकला पौडेल संयोजक रहनुभएको छ।

# संस्कृति संरक्षण गर्न मौलिक तीज गीत प्रतियोगिता

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २८ साउन

पछिल्ला वर्षमा तीज गीतमा परम्परागत संस्कृति हराउँदै जान थालेपछि स्याङ्जाको भिरकोट नगरपालिकाले एक अभियानको थालनी गरेको छ । तीज गीतमा मौलिकता हराउँदै जान थालेपछि नगरपालिकाले परम्परागत संस्कृति जोगाउन भन्दै शिक्षा, स्वास्थ्य र विकासलाई जोडेर 'मौलिक तीज गीत प्रतियोगिता' आयोजना गरेको छ।

तीज गीतका नाममा छाडा गीत, रत्यौलीलगायतका संस्कृतिभन्दा बाहिरको विषय हावी भएको भन्दै तीज पर्व र तीज गीतलाई पुरानै लयमा फर्काउन मौलिक तीज गीत प्रतियोगिता आयोजना गरिएको नगरउपप्रमुख भगवती अर्यालले जानकारी दिनुभयो । उहाँले प्रतियोगितामा सहभागी हुनेले तीजको वास्तविक मर्ममा रहेर प्रस्तुति दिनुपर्ने नियम बनाइएको बताउनुभयो।

"करिब १५ वर्ष पहिले मादल, खैजरी, मजुरालगायतका स्थानीय बाजामा नारीका समस्या, बेदना र समाधान समेटिएका तीजका गीत भनिने हुन्थ्यो, गीतमा लय पनि फरक हुन्थ्यो", उपप्रमुख अर्यालले भन्नुभयो, "अहिलेका तीजका गीत रत्यौली जस्ता छन्, नारीका समस्या, बेदना र समाधान भेटिँदैनन्, जसले गर्दा तीजको वास्तविक मर्म हराउँदै जान थालेको छ।" उहाँले तीजमा लगाउने पोशाक र तीजको दर खाने प्रवृत्तिमा पनि विकृति आएको बताउनुभयो । "तीजमा सामान्य पोशाकमा रमाउने दिन हराएका छन्, महँगा कपडा र गहना लगाउनैपर्ने जस्तो देखिएको छ, होटल, पार्टीप्यालेसमै दर खानुपर्छ भन्ने नजिर पनि बस्न खोजे जस्तो छ", अर्यालले भन्नुभयो, "यी दुवै खराब संस्कृतिका विरुद्ध पनि हामीले तीज गीत प्रतियोगितामार्फत अभियान चलाएका छौँ । हाल भिरकोटका नौवटै वडामा क्रमशः मौलिक तीज गीत प्रतियोगिता सञ्चालन भइरहेको छ । नगरपालिकाले तीज गीतको मौलिकता संरक्षण गर्न वडा तहदेखि नै मौलिकता समेटिएका शब्दमा मूल्याङ्कन गरेर प्रतिस्पर्धा गराएको हो । नगरप्रमुख गोविन्दकुमार कर्माचार्यले महिलाहरुको समस्या गीतका माध्यमबाट जान्ने अवसर मिलेको बताउनुभयो । "गीतका माध्यमबाट पोखिएका समस्या टिपेर समाधान गर्नेतर्फ नगरपालिका लाग्न सहज हुने देखिएको छ", उहाँले भन्नुभयो, "मौलिक प्रतियोगितामा उत्साहजनक सहभागिता देखिएको छ, आशा छ नगरपालिकाको अभियान सार्थक बन्नेछ ।" कार्यपालिका सदस्य विन्दु खड्काले भदौ २० गतेदेखि सुरु भएको प्रतियोगिता असोज १ गते हरितालिका तीजका दिन नगरपालिकाको सिटीहल बयरघारीमा समापन हुने जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म वडा नं १, २, ३, ४, ५, ६, ७ र ९ मा प्रतियोगिता सम्पन्न भएको छ भने शुक्रबार वडा नं ८ मा प्रतिस्पर्धा हुनेछ । वडामा विजेता भएका समूहबीच सिटी हलमा हुने फाइनल प्रतियोगितामा प्रतिस्पर्धा गराइने छ । खड्काले वडामा पहिलो हुने समूहलाई रु १५ हजार, दोस्रो हुने समूहलाई रु १० हजार, तेस्रो हुने समूहलाई रु पाँच हजार र सान्त्वनास्वरुप रु दुई हजार पुरस्कार दिइने बताउनुभयो ।

वडामा पहिलो भएका आमासमूहले फाइनल प्रतिस्पर्धामा अनिवार्य सहभागिता जनाउनुपर्ने नियम छ । उहाँले फाइनल प्रतियोगितामा पहिलो हुने समूहलाई रु २५ हजार, दोस्रो हुने समूहलाई रु १५ हजार, तेस्रो हुने समूहलाई रु १० हजार र सान्त्वनास्वरुप रु पाँच हजार नगदसहित प्रमाणपत्र दिइने जानकारी दिनुभयो ।

# तीजको दर आश्रमलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन



पोखरा फोटोग्राफर संघ, पोखरा नेपालको महिला उपसमितिद्धारा नारिहरुको महान चाड हरितालिका तीजको अवसर पारेर पोखरा-२५ हेम्जा स्थित मानव सेवा आश्रममा रु १५,०००। बराबरको खाद्यन्न (दाल, चामल, नुन, तेल, चाउचाउ) सहयोग हस्तान्तरण गरेका छन् ।

पोखरा फोटोग्राफर संघ महिला उपसमितिले बर्षेनी केही रकम जोहो गरेर बिभिन्न असाहाय गरिव तथा असक्तहरुको लागी तीजको अवसर पारेर सहयोग गर्दै आएको कुरा महिला उपसमिति संयोजक रिता पौडेलले बताईन । सहयोग हस्तान्तरण संगै पोखरा फोटोग्राफर संघ अध्यक्ष रामचन्द्र पोखेल, संरक्षक गणेश छविले तीजको शुभकामना ब्यक्त गरेका थिए भने मानव सेवा आश्रम हेमजा कार्यलय सचिव सन्जु मोक्तानले सहयोगप मनहरुलाई धन्यवाद ब्यक्त गरेकी थिईन ।

पोखरा फोटोग्राफर संघ, पोखरा नेपालको महिला उपसमिति संयोजक रिता पौडेलको अध्यक्षतामा भएको सहयोग हस्तान्तरण कार्यक्रममा पोखरा फोटोग्राफर संघ अध्यक्ष रामचन्द्र पोखेल,संरक्षक गणेश छवि, उपसमिति पूर्व संयोजक तिर्थ श्रेष्ठ ,सान्त्वना पौडेल,ईन्दिरा शर्मा ,गोमा आचार्य,मिरु लम्साल,देवु जलारी, बविता पौडेल,नन्दकला पौडेल,अग्नि तिमिल्सिना को उपस्थिति रहेको थियो । भने कार्यक्रम सञ्चालन पोखरा फोटोग्राफर संघ, पोखरा नेपालका सचिव देवानन्द पोखेलले गरेका थिए ।

# बङ्गुरपालन व्यवसाय सङ्कटमा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २८ भदौं

स्याङ्जाको वालिङ नगरपालिका-१३, का श्यामबहादुर विश्वकर्माले बङ्गुरपालन व्यवसाय गर्न थालेको सात वर्ष भयो । वैदेशिक रोजगारमा छ वर्ष बिताएर फर्कनुभएका उहाँले झलुङ्गे बजार स्थित अर्चलेमा तीन रोपनी जग्गा भाडामा लिएर केबी एस बङ्गुर फार्म दर्ता गरी व्यावसाय सुरु गर्नुभएको थियो ।

कोरोना कहर अघि विश्वकर्माको फार्ममा करिब तीन सय बङ्गुरका माउ र पाठापाठी थिए । अहिले भने त्यो सङ्ख्या घटेर एक सय वटाको हाराहारीमा बङ्गुर छन् । मासिक रु १२ लाख मुनाफा कमाउँदै आउनुभएको उहाँको आम्दानी हाल भने क्रमशः घट्दै जान थालेको छ ।

उहाँले व्यावसाय सञ्चालन गरेको चार वर्ष बङ्गुरपालनबाटै परिवार राम्रोसँग पाल्दै आउनुभएको थियो । उहाँले पछिल्लो समय बङ्गुरलाई खुवाउने दानामा मूल्यवृद्धि भएकाले व्यवसाय नै धरापमा परेको बताउनुभयो ।

"व्यवसाय सुरु गरेको वर्ष कसरी मासु बिक्री गर्ने भन्ने चिन्ता हुन्थ्यो, एक वर्षपछि प्रचारप्रसार राम्रो भयो र बङ्गुरका पाठापाठी र मासु पुऱ्याउनै धौ भयो", उहाँले दुखेसो पोख्नुभयो, "अहिले हामी महँगीको मारमा परेका छौँ, दानापानीमा लगानी गर्न गाह्रो हुँदै गएको छ, ढुवानी खर्च बढी हुँदा बङ्गुर निर्यातमासमेत समस्या हुँदै आएको छ ।" "व्यवसाय सुरु गर्दा आठ सयमा किनेको मकै अहिले १७ सय पुगेको छ", किसान विश्वकर्माले भन्नुभयो, "यस्तै समस्या यथावत रहेमा व्यवसायबाट पलायन हुने स्थिति नआउला भन्न सकिन्न ।"

"व्यवसाय गरेको करिब चार वर्ष सन्तुष्ट थिएँ, अहिले दानापानीमा भएको मूल्यवृद्धिले व्यवसाय नै छोडौँ कि जस्तो हुन्छ", उहाँले थप्नुभयो, "भन्दा सजिलो जस्तो पेशा देखिए पनि बङ्गुरलाई दाना पुऱ्याउन गाह्रो हुने रहेछ ।" विश्वकर्माले कोरोनाको समय मासुका लागि तयार भएका बङ्गुरलाई दाना पुऱ्याउन नसक्दा सस्तो मूल्यमा मासु बिक्री गर्न बाध्य भएको स्मरणसमेत गर्नुभयो । उहाँले लगानीअनुसार अन्य पशुपक्षीको तुलनामा बङ्गुरको मासुको मूल्य उचित नभएको दाबी गर्नुभयो । "स्थानीय बजारमा एक किलो खसीको मासुको मूल्य नौ सय रुपैयाँ हुँदा बङ्गुरको मासुको मूल्य धार्नीको आठ सय रुपैयाँ हुनु किसान मारमा पर्नु हो", विश्वकर्माले भन्नुभयो, "खसीबोकामा भन्दा बङ्गुरपालनमा उत्पादन लागत दोब्बर छ, सरकारले बङ्गुरको मासुको उचित मूल्य निर्धारण गरिदिएर किसानलाई राहत दिनुपर्छ ।"

उहाँले सरकारले किसानलाई अनुदान नदिएर सस्तो ब्याजदरमा ऋण उपलब्ध गराइदिनुपर्ने माग राख्नुभयो । विश्वकर्माले साना व्यवसाय गर्ने किसानलाई टिकाइराख्न मूल्यवृद्धि नियन्त्रण गर्नुपर्नेमा समेत जोड दिनुयो ।

"विदेशमा छ वर्ष बिताए, आर्थिक स्थिति तब पनि सुल्झेन", उहाँले भन्नुभयो, "प्रदेशको कमाइले जीवनस्तरमा सुधार नआएपछि देशमै स्वरोजगार बन्ने अठोटका साथ गाउँ फर्केर बङ्गुरपालन गरेको छु तर पछिल्लो महँगीले अबको बाटो सहज देखेको छैन ।" किसान विश्वकर्माले घरमा पाल्दै आएका तीन माउँ र एउटा बङ्गुरको पाठोबाट सङ्ख्या बढाएर २६ बङ्गुर उत्पादन गरेर फार्म दर्ता गर्नुभएको थियो । उहाँले सुरुमा मासु उत्पादनका लागि बङ्गुरपालन गरे पनि हाल पाठापाठी उत्पादनमा जोड दिएको बताउनुभयो । यहाँ उत्पादित मासु स्थानीय बजारसँगै, पर्वत, पोखरा, काठमाडौँसम्म निर्यात हुने गरेको छ ।उहाँलाई श्रीमती विष्णुमायाले व्यवसाय सञ्चालनमा साथ दिँदै आउनुभएको छ ।

# मेगावाटको सेती जलविद्युत् आयोजनाको परीक्षण उत्पादन सुरु हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं

माछापुच्छ्रे गाउँपालिकामा निर्माण भइरहेको २५ मेगावाट क्षमताको सेती नदी जलविद्युत् आयोजनाले आगामी मङ्सिर पहिलो सातासम्ममा परीक्षण उत्पादन सुरु गर्ने तयारी गरेको छ ।

आयोजनाको हालसम्म ९५ प्रतिशत काम सम्पन्न भएको र दुई महिनाभित्रमा आयोजनाको बाँकी रहेका सम्पूर्ण काम सकिएर विद्युत् उत्पादन सुरु हुने जनाइएको छ । भिजन लुम्बिनी ऊर्जा कम्पनी प्रालिले सेती जलविद्युत् आयोजना निर्माण गरेको हो । यसको लागत रु पाँच अर्ब रहेको छ । आयोजनाको सिभिलतर्फ हेडवर्क्सको सबै काम सकिएको छ । त्यसैगरी पाइपलाइन जडानको काम पनि पूरा भएको छ । विद्युत्गृहमा उपकरण जडानको काम भइरहेको छ । परीक्षण उत्पादन सुरु भएको १५ दिनपछि व्यावसायिक उत्पादन सुरु हुनेछ। आयोजनाको विद्युत् उत्पादन गर्नुपर्ने मिति (आरसिओडी) भित्रमा नै व्यावसायिक उत्पादन गर्ने गरी काम भइरहेको आयोजनाका कार्यकारी अध्यक्ष जगतबहादुर पोखरेलले बताउनुभयो । आयोजनाको सिभिलतर्फको सबै काम पूरा भएको र हाइड्रो मेकानिकल, इलेक्ट्रोमेकानिकल र ट्रान्समिसन लाइन (प्रसारण लाइन) निर्माणतर्फका काम अन्तिम चरणमा रहेको उहाँले जानकारी दिनुभयो । आयोजनाका अनुसार हाइड्रो मेकानिकल र इलेक्ट्रो मेकानिकलका लागि आवश्यक सबै उपकरण तथा सामग्री निर्माणस्थलमा आइसकेकाले जडान भइरहेको छ । प्रसारण लाइनमा रहने १४ टावरमध्येमा तीन वटाबाहेक अन्यको काम सकिएको बताइएको छ । प्रसारण लाइनको 'राइट अफ वे' क्लियर भइसकेकाले बाँकी टावर निर्माण र तार जडान गरिने आयोजनाले जनाएको छ । "मङ्सिरको पहिलो साताभित्रमा परीक्षण उत्पादन सुरु गर्ने गरी कामलाई तीव्र बनाएका छौँ", अध्यक्ष पोखरेलले भन्नुभयो, "धेरै समय लाग्ने काम अब बाँकी छैन, सरकारी तथा निजी सबै क्षेत्रबाट प्राप्त सकारात्मक सहयोगले आयोजना सम्पन्न हुने चरणमा आइपुगेको हो ।" ड्याम, टनेल, पावर हाउस, टावर निर्माण तथा 'राइट अफ वे'लाई आयोजनाका प्रमुख र जटिल कामका रूपमा लिने गरिन्छ । यी काम अन्तिम चरणमा पुगिसकेको आयोजनाले जनाएको छ । विसं २०७७ साउनदेखि आयोजनाको काम सुरु भएको हो । कोरोना महामारीका कारण आयोजनाको कामलाई असर गरेपछि निर्धारित समयभन्दा एक वर्ष बढी समय लागेको बताइन्छ ।